# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

(प्रशासन तथा अनुगमन शाखा)

**स्थानीय सरकारी सेवाका (प्राविधिक) अधिकृत नवौं तहका पदहरूको अन्तर तह र आ.अ.से. प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**सूचना नं. १००/०८२-०८३, प्रकाशन मितिः २०८२/०६/३०**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम प्रदेश स्थानीय सरकारी सेवाका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा अन्तर तह र आ.अ.से. प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिने छ।

दरखास्त दिने अन्तिम मिति भित्र कुनै कारणवस विज्ञापन भएका पदहरू परिमार्जन गर्नु परेमा आयोगको निर्णय बमोजिम परिमार्जन हुन सक्नेछ।

**विवरण**

| क्र.सं. | विज्ञापन नम्बर | तह | सेवा, समूह, उपसमूह, पद | किसिम/समूह | पद सङ्ख्या | परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १ | १/०८२-८३ | ९ | इन्जिनियरिङ/सिभिल/जनरल/ सि.डि.इ. वा सो सरह | आ.अ.से. | १ | **प्रथम पत्रः** २०८२/०८/१३ गते बिहान ८:०० बजे<br>**द्वितीय पत्रः** २०८२/०८/१४ गते बिहान ८:०० बजे |
| २ | २/०८२-८३ | ९ | शिक्षा/शिक्षा प्रशासन/उप-शिक्षा निर्देशक वा सो सरह | अ.त. | १ | **प्रथम पत्रः** २०८२/०८/१३ गते अपरह्न १:३० बजे<br>**द्वितीय पत्रः** २०८२/०८/१४ गते अपरह्न १:३० बजे |

**स्थानीय सरकारी सेवाका नवौं तहको बढुवा तथा प्रतियोगिताका परीक्षा तर्फको विज्ञापनमा समावेश भएका सेवा/समूह अनुसार मागपद सङ्ख्या विवरणः**

| क्र.सं. | सेवा, समूह, उपसमूह, पद | तह | जिल्ला | स्थानीय तह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | इन्जिनियरिङ/सिभिल/जनरल/ सि.डि.इ. वा सो सरह | ९ | धादिङ | धुनिबेंशी नगरपालिका | १ |
| २. | | ९ | चितवन | रत्ननगर नगरपालिका | १ |
| ३. | | ९ | चितवन | कालिका नगरपालिका | १ |
| ४. | | ९ | चितवन | माडी नगरपालिका | १ |
| | | | | **जम्मा** | ४ |
| ५. | शिक्षा/शिक्षा प्रशासन/उप-शिक्षा निर्देशक वा सो सरह | ९ | चितवन | कालिका नगरपालिका | १ |
| ६. | | ९ | चितवन | माडी नगरपालिका | १ |
| ७. | | ९ | धादिङ | धुनिबेंशी नगरपालिका | १ |
| | | | | **जम्मा** | ३ |

| | | |
|---|---|---|
| १ | **परीक्षाको किसिमः-** | लिखित र अन्तर्वार्ता। (लिखित परीक्षाको माध्यम भाषा सम्बन्धित पाठ्यक्रममा तोकिएबमोजिम हुनेछ।) |
| २ | **परीक्षा केन्द्रः-** | हेटौंडा। |
| ३ | **दरखास्त दिने अन्तिम मितिः-** | २०८२/०७/१९ गते र दोब्बर दस्तुर तिरी २०८२/०७/२६ गतेसम्म। |

| | | |
|---|---|---|
| ४ | **उम्मेदवारको उमेरको हदः** | • २०८२/०७/१९ गतेसम्म २१ वर्ष उमेर पूरा भइ ४५ वर्ष ननाघेको। बहालवाला स्थायी कर्मचारीहरूको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १८ को प्रतिबन्धात्मक वाक्यांश (१) र (२) बमोजिमको उमेर हद लागू हुनेछ। |
| ५ | **दरखास्त दस्तुरः-** | क. रु.१,५००\|- (एक हजार पाँच सय रुपैंया)।<br>ख. प्रत्येक थप समावेशी समूह/पत्रको लागि रु.७००\|- (सात सय रुपैयाँ) थप दस्तुर लाग्नेछ। |
| ६ | **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** | • दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोवार सङ्केत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएका बैङ्कबाट नगद बुझाउन सकिनेछ।<br>• दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् बैङ्क भौचर सिर्जित (EBP code generate) भइ सकेपछि प्रणालीमा उपलब्ध विकल्पहरूमध्ये कुनै एक भुक्तानी प्रणाली मार्फत् भुक्तानी गर्न सकिनेछ। |
| ७ | **दरखास्त दस्तुर बुझाउने अवधिः** | ढिलोमा <u>मिति २०८२/०७/२७ गतेसम्म</u> तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाई सक्नु पर्नेछ। |
| ८ | **अपलोड गर्ने कागजातहरूः** | उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (maximum size ५००KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना, नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format (maximum size ५००KB) मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनु पर्नेछ। |
| ९ | **अन्तर्वार्ता मिति र स्थानः-** | लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ। |
| १० | **पदमा रही गर्नुपर्ने कामको विवरणः-** | सेवा, समूह सम्बन्धी। |
| ११ | **तलबः-** | प्रचलित कानून बमोजिम। |

## आन्तरिक अन्तर सेवा तथा अन्तर तह सम्बन्धी व्यवस्था

- स्थानीय सरकारी सेवाको आन्तरिक अन्तर सेवा तर्फ स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को (८) बमोजिमको योग्यता हाँसिल गरेको।
- स्थानीय सरकारी सेवाको अन्तर तह तर्फ सेवा तर्फ स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को (६) बमोजिमको योग्यता हाँसिल गरेको।
- अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय तहको सेवाको एक श्रेणी वा तह मुनीको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

## आवश्यक न्यूनतम योग्यता

१) **इन्जिनियरिङ/सिभिल/जनरल/सि.डि.इ. वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

२) **शिक्षा/शिक्षा प्रशासन/उप-शिक्षा निर्देशक वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

रुद्रपुर गाउँपालिका, रामग्राम, अयोग्य ... सेवा आयोग

## उम्मेदवारले पेस गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

आन्तरिक अन्तर सेवा र अन्तरतहको पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वाताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको आफैले प्रमाणित गरेको छायाप्रति र सक्कल प्रमाणपत्रहरू समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरू दरखास्त दिने अन्तिम मिति भित्र नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

### द्रष्टव्यः

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा झुटा विवरण पेस गरेको पाइएमा दरखास्त जुनसुकै बखत अस्वीकृत गर्न सकिनेछ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेस गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्नेछ।

(च) सम्बन्धित पदको लागि निर्धारित शैक्षिक योग्यता दरखास्त दिने अन्तिम मितिभित्र हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ।

(छ) दरखास्त पेस गर्दा स्वयम् उम्मेदवारले गरेको दस्तखतको नमूना पेस गर्नु पर्नेछ। प्रवेश पत्रमा भएको दस्तखत र लिखित परीक्षाको समयमा गरिने दस्तखत फरक परेमा उक्त परीक्षार्थीलाई परीक्षाबाट निष्काशन गर्न गरिनेछ।

(ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(झ) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० बमोजिम **समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाइनेछैन।**

(ञ) खण्डगत वा प्रश्न नम्बर अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा उत्तर दिनु पर्नेछ।

(ट) पाठ्यक्रम आयोगको वेवसाइट ppsc.bagamati.gov.np बाट प्राप्त गर्न सकिने छ।

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश